nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

25°C । वर्ष :११, अंक : १६ पृष्ठ ४ । मंगलबार, १७ भदौ २०८२ । TUESDAY, SEPTEMBER 02, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## आफ्नो भूमिलाई आफ्नो भन्दैमा छिमेकीसँग सम्बन्ध नबिग्रिने- गृहमन्त्रीको टिप्पणी



**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१६ भदौ ।***

गृहमन्त्री रमेश लेखकले नेपाली कांग्रेस र एमालेबीचको गठबन्धनको मुख्य प्राथमिकता सरकारको स्थिरता रहेको बताएका छन् । नेपाल प्रेस युनियन पर्साले वीरगञ्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै मन्त्री लेखकले सरकार आफ्नो प्राथमिकतामा सफल भएको दाबी गरे । स्थिर सरकार भएपछि केही उपलब्धिहरू हासिल गर्न सकिन्छ भन्ने कुरा हालको गठबन्धन सरकारले प्रमाणित गरेको उनले बताए । लामो समयदेखि रोकिएका केही विधेयक तथा कानुन संसद्मा प्रस्तुत गर्न सरकारले सफलता हासिल गरेको र नागरिकता सम्बन्धी ऐन संशोधन गर्न पनि सफल भएको उल्लेख गरे । प्रधानमन्त्री केपी शर्मा ओलीले मित्रराष्ट्र चीनको भ्रमणका क्रममा नेपाल-भारत सीमासम्बन्धी विवादको विषय उठाएर सही कार्य गरेको उनको भनाइ थियो । कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको भूमि भएको पुन: दोहोर्याउँदै उनले "आफ्नो भूमि आफ्नो हो भन्नु मित्रराष्ट्रलाई चित्त दुखाउने कुरा होइन" भने । भारतसँगको सम्बन्धमा यसले कुनै असर नपर्ने गृहमन्त्री लेखकको तर्क थियो । आफ्नो भुमीलाई आफ्नो हो भन्दैमा छिमिकेसँग सम्बन्ध नविग्रिने मन्त्री लेखक दावी गरे । पत्रकारले सोधेको प्रश्नको जवाफ दिँदै मन्त्री लेखकले "भिसा प्रकरणमा दोष अरूलाई थुर्त्याउन मलाई लक्षित गरिएको हो" भन्दै दोषी को हो भन्ने कुरा जनताले बुझिसकेका छन् भने । भिसा विवादमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको र छानबिनका लागि उच्चस्तरीय समिति समेत गठन गरिएको बताउँदै उनले प्रतिवेदन आएपछि धेरै कुरा प्रष्ट हुने बताए । "कसैले राजीनामा देऊ भनेर दिनु पर्ने होइन " उनले भने । त्यस्तै, वीरगञ्जमा देखिएको हैजाको प्रकोप नियन्त्रणका लागि सरकार गम्भीर रहेको र आवश्यक परे सेना समेत परिचालन गर्ने तयारी गरिएको उनले बताए । नेपाल प्रेस युनियन

बाँकी तेश्रो पृष्ठमा

## कम्युनिस्ट नेता अर्यालको निधन



**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१६ भदौ ।***

बारा, पर्सा र रौतहट क्षेत्रमा कम्युनिस्ट आन्दोलनको आधारशिला निर्माणमा भूमिका निभाउने अग्रज नेता नन्दन अर्यालको ९५ वर्षको उमेरमा निधन भएको छ । उहाँको जन्म कलैया उपमहानगरपालिका-१४, बघवनमा १९८८ सालमा भएको थियो । लामो समयदेखि श्वासप्रश्वाससम्बन्धी समस्याबाट पीडित अर्यालले उपचारका लागि काठमाडौंमा गएराति अन्तिम सास लिनुभएको परिवारका सदस्यहरूले जानकारी दिएका छन् । नेता अर्याल २०११ सालको ऐतिहासिक किसान आन्दोलनका अगुवा रहनुहुन्थ्यो र तराईमा किसान र श्रमिकलाई सङ्गठित गर्दै कम्युनिस्ट आन्दोलनलाई स्थापित गर्न महत्वपूर्ण भूमिका निभाउनुभएको थियो । सिद्धान्त निष्ठा, त्याग र सङ्घर्षका प्रतीक अर्याल बारम्बार जेल परेर पनि आफ्नो राजनीतिक र सामाजिक गतिविधि जारी राख्न सफल भएका थिए । पञ्चायत शासनकालमा पाँच पटक जेल जीवन बिताइसक्नुभएका उहाँले भूमिगत गतिविधि

बाँकी तेश्रो पृष्ठमा

## पर्सा र छिमेकका स्थानीय तहमा बजेट ढिलाइ

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१६ भदौ ।***

पर्सा र छिमेकका स्थानीय तहले चालु आर्थिक वर्षको बजेट समयमै ल्याउन नसक्दा विकास निर्माणका काम ठप्प भएका छन् । धोबिनी गाउँपालिका, पकहामैनपुर, विन्दवासिनी र अन्य पालिकामा जनप्रतिनिधि र कर्मचारीबीचको विवादले बजेट पारित गर्न ढिला भएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार असार १० भित्र बजेट पेश गर्नुपर्ने व्यवस्था भएपनि पर्साका अधिकांश पालिकाले निर्धारित समय भित्र बजेट ल्याउन सकेका छैनन् । धोबिनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोककुमार रौनियारका अनुसार अध्यक्ष र उपाध्यक्षबीचको विवादका कारण समयमै बजेट प्रस्तुत गर्न नसकिने अवस्था सिर्जना भएको छ । बजेट नल्याउँदा कर्मचारीले तलब पाउन सकिरहेका छैनन् र भूमि तथा मालपोत कर सङ्कलन पनि प्रभावित भएको छ ।




पर्साका विन्दवासिनी, पकहामैनपुर र धोबिनी गाउँपालिका तथा बहुदरमाई नगरपालिकामा विकास निर्माणका काम अगाडि बढ्न नसकेको छ ।
कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख मनोजकुमार जोशीका अनुसार पर्साका १४ वटै पालिकामा अहिलेसम्म बैंक खाता सञ्चालन नहुँदा आर्थिक गतिविधि ठप्प छ । चालु आर्थिक वर्षका योजनाका लागि आवश्यक अध्ययन र बोलपत्र प्रक्रियाहरू पनि अघि बढ्न सकेका छैनन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बजेट ढिलाइ भएका स्थानीय तहसँग सहजीकरण अभियान चलाइरहेको छ । उपसचिव भूपेन्द्र सापकोटाका अनुसार असार १० भित्र बजेट नल्याउँदा कर्मचारीको तलबभत्ता, सामाजिक सुरक्षा भत्ता वितरण र अन्य सेवाप्रवाह प्रभावित भएको छ । मन्त्रालयका तथ्यांकअनुसार बारा, पर्सा, रौतहट र सर्लाहीका कम्तीमा १५ स्थानीय तहले तोकिएको समयभित्र बजेट पेश गर्न नसकेका छन्, जसले आर्थिक वर्षका विकास कार्य र योजना कार्यान्वयनमा ठूलो असर परेको छ ।

## सूचना नदिएको आरोपमा धोबिनी गाउँपालिकामा प्रदर्शन र तालाबन्दी

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१६ भदौ ।***

पर्साको धोबिनी गाउँपालिकामा स्थानीयहरूले विरोध प्रदर्शन गर्दै तालाबन्दी गरेका छन् । गाउँपालिकाको कामकारबाही दुरुस्त र पारदर्शी नभएको भन्दै नेकपा (एमाले) का स्थानीय नेता तथा कार्यकर्ताले गाउँपालिका कार्यालय अगाडि टायर बालेर प्रदर्शन गर्नुका साथै कार्यालयको मुख्य गेटमा तालाबन्दी गरेका हुन् । उनीहरूले गाउँपालिकाले सञ्चालन गरेका विभिन्न योजना तथा कार्यक्रमसम्बन्धी सूचना माग्दा समेत उपलब्ध नगराइएको आरोप लगाए । पटक-पटक ताकेता गर्दा पनि गाउँपालिकाले कुनै चासो नदेखाएको र कामकारबाही पारदर्शी नभएको भन्दै असन्तुष्टि प्रकट गरेका थिए । धोबिनी गाउँपालिकाका अध्यक्ष मदनप्रसाद चौहानले भने गाउँपालिकाले कुनै सूचना लुकाउने प्रयास नगरेको स्पष्ट पारे । उनका अनुसार प्रमुख प्रशासकीय अधिकृत सरुवा भएर गएको कारण तत्काल सूचना उपलब्ध गराउन नसकिएको हो । नयाँ अधिकृत हाजिर भइसकेको भन्दै उनले मागअनुसार सूचना उपलब्ध गराइने बताए । तर, आवश्यक माग अघि सारेर विवाद सिर्जना गर्ने प्रयास भइरहेको उनको आरोप छ । "गाउँपालिकाको गेट आम सर्वसाधारणका लागि सधैं खुला छ," भन्दै अध्यक्ष चौहानले प्रदर्शन र तालाबन्दी अन्त्य गरी संवादमा आउन प्रदर्शनकारी पक्षलाई आह्वान गरे ।




उक्त विवाद मिलाउन पहल भइरहेको इलाका प्रहरी कार्यालय पोखरीयाका प्रहरी निरीक्षक स्वरुप शर्माले बताए । उनका अनुसार गाउँपालिका क्षेत्रमा स्थिति सामान्य छ र दुवै पक्षबीच वार्ताको तयारी भइरहेको छ ।

## हैजा नियन्त्रण अभियानमा रेडक्रसद्वारा नि:शुल्क किट वितरण

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१६ भदौ ।***

हैजाको जोखिम बढ्दै गएपछि नेपाल रेडक्रस सोसाइटी बीरगन्ज शाखाले वडा नं. १५ का स्थानीयलाई लक्षित गर्दै नि:शुल्क किट वितरण गरेको छ । जीवनजल (इच्क), साबुन, पीयूष लिक्विड र पानी शुद्ध गर्ने ट्याबलेटसहितको किट वितरण गर्दै रेडक्रसले हैजाको रोकथाम र प्रारम्भिक उपचारमा सहयोग पुग्ने जनाएको छ । कार्यक्रमका प्रमुख उमेश मिश्रका अनुसार किट वितरणसँगै हैजाबारे सचेतना अभियान पनि सञ्चालन गरिएको हो । स्वास्थ्यकर्मी र स्वयंसेवकहरूले सरसफाइमा ध्यान दिनुपर्ने, नियमित साबुनपानीले



हात धुने, पानी उमालेर मात्र पिउने तथा खानपानमा सावधानी अपनाउनुपर्नेबारे जनतालाई व्यवहारिक रूपमा जानकारी दिएका छन् । रेशमकोठी उपशाखाका सह-कोषाध्यक्ष अभिलाष कुमार गुप्ताले स्वच्छ पानी र सरसफाइलाई हैजा नियन्त्रणको मुख्य आधार भन्दै वितरण सामग्रीहरूले परिवारलाई प्रारम्भिक स्तरमै सुरक्षित राख्न मद्दत गर्ने बताए । स्थानीयवासी विकास साहले हैजाको डरले त्रसित भइरहेका बेला रेडक्रसले आवश्यक सामग्री र जानकारी उपलब्ध गराएपछि राहतको अनुभूति भएको बताए । यसैबीच, स्वास्थ्य कार्यालय पर्साले बीरगन्जका विभिन्न क्षेत्रमा हैजासँग

बाँकी तेश्रो पृष्ठमा

## बाराबाट ठूलो मात्रामा साल काठ बरामद

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१६ भदौ ।***

बारामा काठ तस्करी नियन्त्रणका लागि सञ्चालन गरिएको विशेष अपरेसनमा ठूलो मात्रामा साल जातका काठ बरामद गरिएको छ । सो क्रममा एक जना तस्कर पक्राउ परेका छन् भने अन्य फरार भएका छन् । मधुबन सब-डिभिजन बन कार्यालय अन्तर्गतका सबै पोस्टहरूको संयुक्त टोलीले बन अधिकृत सञ्जय कुमार चौधरीको कमान्डमा बथान टोल नजिक एम्बुस बसेर अपरेसन सञ्चालन गरेको थियो । टोलीले बेलुकी ७ बजेदेखि तीन समूहमा विभाजन भई गस्ती गरिरहेको अवस्थामा राति करिब २:४५ बजे तस्करीमा संलग्न समूह नियन्त्रणमा लिएको हो । डिभिजन बन कार्यालय बाराका डिभिजनल बन अधिकृत राजीव कुमार झाका अनुसार अपरेसनमार्फत ५ थान साल काठ (९४६.०६ क्युफिट), ६ थान मोटरसाइकल, २ थान आरा र २ थान बन्चरो बरामद गरिएको छ । करिब १० जनाको समूहमध्ये जीतपुरसिमरा उपमहानगरपालिका-१७ रामनगर मुसहर टोलका ६७ वर्षीय रामबाबु सहनीलाई पक्राउ गरिएको र बाँकी फरार रहेको जनाइएको छ । पक्राउ परेका सहनीलाई डिभिजन बन कार्यालय बाराको थुनुवा कक्षमा राखी थप अनुसन्धान भइरहेको र काठ तस्करीमा संलग्न जो कोहीलाई बन ऐनअनुसार कडाइका साथ कारबाही गरिने चेतावनी डिभिजनल बन अधिकृत झाले दिएका छन् ।

**आफु पनि मास्क लगाऔं र अरुलाई पनि मास्क लगाउन प्रोत्साहन गरौं**

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

# फेरि चलखेलको गन्ध

संघीय निजामती सेवा विधेयकमा कर्मचारीतन्त्रबाट फेरि चलखेलको गन्ध आएको छ । यसअघि प्रतिनिधि सभामा उच्च पदस्थ कर्मचारीहरूले राजीनामा दिएपछि वा अनिवार्य अवकाशमा गएपछि निश्चित समय सरकारी, संवैधानिक, कूटनीतिक र अन्य नियुक्ति लिन नपाउनेसम्बन्धी प्रावधान विधेयकमा राख्न नदिन चर्को दबाब दिएका थिए । त्यसअनुसार विधेयकको प्रतिवेदनमा भाषा राख्न सफल भएका थिए । कुलिङ अफ पिरियडको प्रावधान निष्क्रिय हुने भाषा प्रयोग भएर विधेयकको प्रतिवेदन अगाडि बढेपछि प्रश्न उठ्यो, संसदीय छानबिन विशेष समिति बन्यो र गम्भीर त्रुटि भएको निष्कर्ष निकाल्यो । राजनीतिक रूपमा नैतिक जिम्मेवार ठहर भएका राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले राजीनामा दिए । पदअनुकूलको आचरण नगरेको भनिएका मुख्यसचिव एकनारायण अर्यालसहितका सचिव पदमै बहाल छन् । कुलिङ अफ पिरियडको प्रावधान निष्क्रिय गराउन गरेको चलखेल सेलाउन नपाउँदै फेरि मुख्यसचिव अर्यालसहित नौ जना सचिवको कार्यकाल लम्ब्याउने चलखेल सुरु भएको छ । यही चलखेलका कारण राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समिति निर्णयमा पुग्न सकिरहेको छैन । बरु राजनीतिक दलहरू कर्मचारीहरूको चलखेल बुझेर पनि पक्ष र विपक्षमा विभाजित छन् । प्रतिनिधिसभाबाट पारित भएर अगाडि बढेको प्रतिवेदन विधेयक ऐनमा रूपान्तरित भएको वर्ष अनिवार्य अवकाशको उमेरहद ५८ वर्ष नै कायम रहनेछ । यसो हुँदा आगामी मंसिर ९ गते मुख्यसचिव अर्याल अनिवार्य अवकाशमा जानेछन् । अनिवार्य अवकाशको उमेर ५९ वर्ष बनाइए उनले २०८३ साल मंसिर ९ गतेसम्म काम गर्न पाउनेछन् । यस्तै, लाभ पाउने कसरतमा छन् सचिवहरू फणिन्द्र गौतम, भरतमणि सुवेदी, सुमनराज अर्याल, डा. रामप्रसाद घिमिरे, सचिव डा. हरिप्रसाद लम्साल, केशवकुमार शर्मा बिडारी, डा. दीपककुमार खराल र कृष्णहरि पुष्कर । अनिवार्य अवकाशको मुखमा रहेका मुख्यसचिव अर्यालसहितका सचिवहरूको कार्यकाल एक वर्ष लम्ब्याउने प्रयासले प्रशासनिक संघीयता कार्यान्वयनसँग जोडिएको निजामती विधेयक संसदीय समितिबाट अगाडि बढ्न सकिरहेको छैन । कुनै पनि विषयमा स्वार्थ समूहले आफ्नो स्वार्थका लागि चलखेल गर्न सक्ने भए । त्यस्तो स्वार्थमा लाग्नेहरू चिनेर विधायनले विधि बनाउने हो । तर निजामती विधेयकको हकमा स्वार्थ समूह देखादेख दबाबमा लाग्ने र राजनीतिक नेतृत्व निरिह हुनेजस्तो देखिएको छ ।

# ऋणयोग्य रकम व्यवस्थापनको चुनौती

**होमनाथ गैरे**

आधुनिक अर्थ व्यवस्थामा बैंकिङ क्षेत्रलाई अर्थतन्त्रको रक्तसञ्चार प्रणाली र त्यहाँ प्रवाह हुने तरलता (लगानीयोग्य रकम) लाई रगतजस्तै मानिन्छ । जसरी रगतले शरीरमा सबै तन्तुमा प्राणवायु प्रवाह गरेर शरीरलाई जीवित र ऊर्जाशील बनाउँछ, त्यसरी नै तरलताले आर्थिक गतिविधि सञ्चालनका लागि पुँजी प्रवाह गरी अर्थतन्त्रलाई चलायमान बनाउँछ । तरलता भन्नाले वित्तीय प्रणालीमा तत्काल प्रयोग गर्न सकिने लगानीयोग्य रकमको उपलब्धता हो । पर्याप्त तरलता हुँदा बैंक तथा वित्तीय संस्थाले ऋण प्रवाह सहजै गर्न सक्छन्, जसले उद्योग, व्यवसाय, कृषि तथा पूर्वाधार विकासमा लगानी बढाउँछ । जब तरलता अभाव हुन्छ, ऋण महँगो वा पाउनै गाह्रो हुन्छ, जसले लगानीको लागत बढाउँछ भने उत्पादन तथा रोजगारीमा नकारात्मक असर पार्छ । तरलता र अर्थतन्त्रबीच संयोजन गर्ने माखेसाङ्लो ब्याजदर हो, जसले लगानीको लागत र बचतको प्रतिफल निर्धारण गर्छ । यो माखेसाङ्लो अत्यन्तै संवेदनशील वा धेरै आर्थिक-सामाजिक कारकमध्ये केही वा एउटामा मात्र परिवर्तन हुँदा पनि सजिलै घटबढ हुने खालको अस्थिर हुन्छ । जब ब्याजदर यथोचित स्तरमा हुन्छ र यसको भविष्यको गति अनुमान गर्न सकिने अवस्थामा हुन्छ, लगानीकर्ताले ऋण लिएर उत्पादन विस्तार गर्न प्रोत्साहन पाउँछन् र बचतकर्ताले पनि आफ्नो पुँजी वित्तीय प्रणालीमा ल्याउन उत्साहित हुन्छन् । अर्कोतर्फ चर्को र अस्थिर ब्याजदरले लगानीकर्ताको ऋण लिएर थप व्यवसाय विस्तार



गर्ने इच्छाशक्ति घटाउँछ भने अत्यन्त कम ब्याजदरले बचत प्रवाह कमजोर पार्न सक्छ । जसरी हजारौं वर्षदेखि मानव सभ्यतालाई आशा (सुख, खुसी र मुक्ति) को त्यान्द्रो र त्यो प्राप्त गर्नका लागि कर्म गर्ने मनोबलको माखेसाङ्लोले धानेर राखेको मानिन्छ, त्यसैगरी दिगो आर्थिक वृद्धि र समुन्नतिको अपेक्षालाई लगानी र ब्याजदरबीचको माखेसाङ्लोले धानेको हुन्छ । तसर्थ, अर्थतन्त्रलाई स्थायित्व र पूर्वानुमानयोग्य बनाई राख्न लगानीयोग्य रकम र ब्याजदरबीचको सन्तुलन अपरिहार्य छ । नेपालजस्तो विकासशील अर्थतन्त्रका लागि दिगो आर्थिक वृद्धि र समृद्धि पूर्वानुमानयोग्य लगानी वातावरणमा निर्भर रहेको छ र त्यसका लागि तरलता र ब्याजदरबीचको सन्तुलन महत्त्वपूर्ण हुन्छ । पर्याप्त तरलता र स्थिर ब्याजदरले व्यावसायिक योजनामा अनिश्चितता वा जोखिम घटाउँछ, पुँजीको लागत र प्रतिफल अनुमानयोग्य बनाउँछ र दीर्घकालीन लगानीका लागि विश्वास बढाउँछ । यसले घरेलु तथा बाह्य दुवै बजारका लगानीकर्तालाई आकर्षित गर्छ र राष्ट्रलाई अपेक्षित गतिमा समुन्नतिको मार्गमा अगाडि बढ्न मद्दत गर्छ । **नेपालको अवस्था** बैंकिङ प्रणालीमा लगानीयोग्य रकम (तरलता) को माग र आपूर्तिबीचको असन्तुलन (कहिले अभाव त कहिले अधिकता) नेपाली अर्थतन्त्रको पुरानो रोग हो । कहिले बजारमा तरलता अभाव भएर ब्याजदर अकासिएको त कहिले तरलता छ्यालब्याल भएर त्यसको व्यवस्थापनका लागि राष्ट्र बैंकलाई सकस परेका समाचार सामान्यजस्तै लाग्छन् । पछिल्लो समय विगत साढे दुई वर्षदेखि नेपाली बैंकिङ प्रणालीले अधिक तरलताको सामना गरिरहेको छ । हालै प्रकाशित प्रतिवेदनअनुसार सो अवधिमा केन्द्रीय बैंकले करिब ३२ सय खर्ब (३.२ ट्रिलियन) रुपैयाँ बराबरको अधिक तरलता बजारबाट खिचेर अर्बौं रुपैयाँ ब्याज भुक्तानी गरेको छ ।

स्वाभाविक रूपमा अधिक तरलताको छाया ब्याजदरमा पनि देखिएको छ । बैंकहरूमा अधिक तरलता व्याप्त भएपछि दोहोरो अंकमा उकालो लागेको ब्याजदर अहिले एकल अंकमा झरेको पनि लामो समय भइसकेको छ । तर, घट्दो ब्याजदरको प्रतिछाया ऋणको मागमा भने देखिन सकेको छैन । यस्तो अवस्थामा मौद्रिक नीतिले वित्तीय नीति र समष्टिगत आर्थिक परिसूचकहरूसँग सन्तुलन कायम राख्दै वित्तीय क्षेत्रको दक्ष नियमन र पारदर्शितासँगसँगै दीर्घकालीन आर्थिक स्थिरता कायम गर्न योगदान गर्नुपर्ने हो । दिगो आर्थिक वृद्धि हासिल गर्नका लागि अधिक तरलतालाई उत्पादनमूलक क्षेत्रमा प्रवाहित गर्नु र ब्याजदरलाई मुद्रास्फीति, आर्थिक वृद्धिदर तथा अन्तर्राष्ट्रिय बजारको परिस्थितिसँग सन्तुलन हुने गरी व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकको मौद्रिक नीति असफल सावित भएको छ । नेपालको बैंकिङ प्रणाली आर्थिक वृद्धिको प्रमुख आधार हो । बैंक तथा वित्तीय संस्थाहरूले निक्षेप संकलन गरी उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गर्छन्, जसमा तरलता र ब्याजदर दुई महत्त्वपूर्ण नीतिगत सूचक हुन् । यी दुई सूचकको सन्तुलित व्यवस्थापनले मात्र अर्थतन्त्रलाई चलायमान बनाउन, लगानी वातावरणलाई अनुमानयोग्य बनाउन र दीर्घकालीन रूपमा दिगो वृद्धि सुनिश्चित गर्न सकिन्छ । यद्यपि, यो विषयमा जानकार हुँदाहुँदै पनि राष्ट्र बैंकले घरजग्गा, सेयर बजार र सवारीसाधन क्षेत्रलाई मात्र लक्षित गरी मौद्रिक नीतिमा चलखेल गर्दा अर्थतन्त्र थप अस्थिर र जोखिमयुक्त बन्दै गएको छ । नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदनले अहिले वाणिज्य बैंकहरूको औसत कर्जा निक्षेप अनुपात नियामकीय आवश्यकताभन्दा कम रहेको छ, जसले बैंकहरूसँग नयाँ ऋण दिने क्षमता उच्च रहेको देखाउँछ । पर्याप्त तरलता हुँदा पनि उत्पादनमूलक उद्योग, कृषि, पर्यटन,

बाँकी तेश्रो पृष्ठमा

# राजनीतिक दलमा सुधार : कहाँ र कसरी ?

**सुशीला कार्की**

नेपालमा राजनीतिक परिवर्तनका वाहक मानिएका दलहरू परिवर्तनपछि द्रुतगतिमा अलोकप्रिय हुने गरेका छन् । राजनीतिक परिवर्तन भएलगत्तै देशको अवस्थामा कायापलट हुने कुरा होइन । अर्थ-सामाजिक रूपान्तरणका लागि केही समय प्रतीक्षा गर्नैपर्छ । तर त्यो सही र अग्रपथमा छ भनेर जनताले महसुस गर्ने अवस्था पनि त हुनुपर्‍यो । देशको अर्थतन्त्र शिथिल छ, पढेलेखेका युवाको गन्तव्य युरोप, अमेरिका र अस्ट्रेलिया छ । कामदार युवा अरब मुलुकमा रोजगारीका लागि दौडिन्छन् । देशभित्र कलेज र विश्वविद्यालयमा मात्र होइन, विद्यालय तहमा पनि विद्यार्थी संख्या घट्दो छ । घरघरमा वृद्ध बाबुआमा एक्लै बस्नुपर्ने अवस्था छ । आउने १०, २० वा ५० वर्षमा नेपाली परिवार र समाजको स्वरूप कस्तो हुनेछ भनेर कुनै प्रक्षेपण भएको पाइन्न । राजनीति भने दलहरूका सनातनी ट्याउट्याउ र दन्तबझान, अनि सत्ता फेरबदलको खेलमा नै रुमलिएको छ । लोकतान्त्रिक राज्यप्रणालीमा राजनीतिक दलको उपस्थिति र भूमिका अपरिहार्य छ । दलहरूले नै जनतालाई राज्यप्रणालीसँग जोड्छन् । जनभावनालाई सरकारको नीति र कार्यक्रममा रूपान्तरण गर्छन् । दलको यस्तो भूमिका भावनात्मक र वस्तुगत दुवै हुन्छ । यसले नै दल र आमजनता एवं मतदाताबीच अर्थपूर्ण सम्बन्ध राखेको हुन्छ । नेपालमा २००७ सालको क्रान्तिदेखि अहिलेसम्म जनता र दलबीचको सम्बन्ध बढी भावनाप्रधान रहिआएको छ । राजनीतिक परिवर्तनका लागि भावनाको पक्षले बढी काम गरेको हुन्छ । तर परिवर्तनपछि यो सम्बन्धमा वस्तुगत पक्ष बढी महत्त्वपूर्ण हुन्छ । जनताले आफ्ना दैनन्दिन आवश्यकता पूर्ति र सहजताको अपेक्षा गरेका हुन्छन् । खासगरी निर्वाचनका बेला दल तथा उम्मेदवारसँग र निर्वाचनपछि बनेको सरकारसँग त्यो अपेक्षा बढी गरिन्छ । मार्क्सवाद, लेनिनवाद, साम्यवाद वा समाजवाद जस्ता कोरा सिद्धान्त र दर्शनमा अब जनताको रुचि छैन । नयाँ पुस्ता खासगरी ३० वर्षमुनिका मानिसमा यो पक्ष शून्यप्रायः हुन पुगेको छ । गएको आमचुनाव र उपचुनावका परिणामले त्यसको संकेत गरिसकेका छन् । २०८४ को निर्वाचनमा थप २९ लाख युवा मतदानयोग्य हुनेछन् । अबका चुनावमा इलेक्टोरल डेमोग्राफीमै ठूलो परिवर्तन आउँदै छ र राजनीतिमा यसको प्रभाव पनि फरक ढंगले हुने निश्चित छ । नयाँ सोच, दृष्टि र नेतृत्वका नयाँ अनुहारले मतदाताका प्राथमिकतालाई निर्धारण गर्नेछन् । खुला र प्रतिस्पर्धी राजनीतिमा दल र सरकारले सधैं वाहा-वाहा पाउने स्थिति हुँदैन । तथापि एउटा चुनावको अवधि पनि पूरा नहुँदै दलहरू नै छिन्नभिन्न हुने, टुटफुटको संघारमा पुग्ने हाम्रोजस्तो अवस्था निकै सोचनीय कुरा हो । राजनीतिका प्रमुख खम्बा मानिएका दलहरू नै धमिरा लागेजस्ता देखिनु राजनीति, शासन-प्रशासन र मुलुकको भविष्यका लागि समेत हितकर हुँदैन । त्यसैले अहिले नागरिकमा दल र नेताप्रति व्यापक असन्तोष एवं निराशा व्याप्त छ । परिणामस्वरूप दल र जनताबीच दूरी पनि उत्तिकै बढेको छ । अझ गम्भीर कुरा त राजनीतिप्रति नै मानिसका आशा र भरोसा टुटेका छन् । नकारात्मक सोचले व्यापकता पाएको छ । राजनीतिक दलमा कमीकमजोरी हुँदै नहुने होइन, तर अहिलेको अवस्था त्यत्तिमै सीमित छैन । राज्यसत्तामै बसेर लुटतन्त्र मच्चाएको अनुभूति हुन्छ । शीर्ष नेतृत्वका परिवारजन नै त्यसमा संलग्न भएका देखिन्छन् । त्यसको निष्पक्ष छानबिन हुँदैन । अनुसन्धान, प्रहरी, अख्तियार, अदालत सर्वत्र दलको छाया व्याप्त छ । जनमानसमा दल नै खराब हुन् भन्ने धारणा बनेको छ । यसको सही उपचार र कोर्स करेक्सनमा राजनीतिक दलले कुनै पहल गरेको पाइन्न । लोकतन्त्रका केही अपरिहार्य खेल नियम छन् । हामीले जुन संवैधानिक/राजनीतिक प्रणाली अपनाएका छौं, दलबिना त्यसको सञ्चालन सम्भव छैन । चुनावमा दलका उम्मेदवार र नेतृत्वले मतदातालाई जोड्छन् । संविधानका प्रक्रिया र व्यवस्थालाई दलहरूले नै क्रियाशील बनाउने हो । यसको गुण, दोष र स्तरीयता मापन दलकै गतिविधिका आधारमा गरिन्छ । आज दलका कारण प्रणाली बदनाम हुने अवस्था सिर्जना भइरहेको छ । परिवर्तन नपचेका, यो व्यवस्थासँग विमति राख्नेहरू हौसिएका छन् । संविधानका आधारभूत मूल्य र पद्धतिका विरुद्ध अनर्गल प्रचारले राजनीति प्रदूषित भएको छ । परिणामतः संवैधानिक प्रणालीमाथि नै प्रश्न उठ्न थालेको छ । लोकतन्त्रका आधारभूत सिद्धान्त र विश्वसम्मत मूल्य तथा प्रक्रियालाई स्वीकार गर्ने हो भने घरिघरि संविधान नै नयाँ लेख्ने, प्रणाली बदलिरहने कुरा हुँदैन । अभ्यासका आधारमा राजनीतिक व्यवस्थामा सुधार र परिमार्जन गर्न सकिन्छ, तर त्यसभन्दा पनि बढी अहिले राजनीतिक दलहरूको कार्यशैली, नेतृत्व संरचना र प्रक्रियामै परिवर्तनको खाँचो छ । पुराना सोच, संरचना र प्रक्रियाबाट जनताका परिवर्तित चाहनाको सम्बोधन हुन सक्ने अवस्था छैन । यथास्थितिमा मतदातामा उत्साह भर्न सकिन्न, दल र जनतासँगको दूरी पनि घट्ने सम्भावना देखिन्न । **अहिलेको अवस्था** देशमा देखिने एउटा संवैधानिक प्रणाली त छ, तर यो प्रक्रियाको प्राविधिकतामा सीमित हुन पुगेको छ । संविधानले अपेक्षा गरेअनुसार राजनीतिले आकार नै लिन सकेको छैन । संगतिपूर्ण व्यवहारले नै अपेक्षित संवैधानिक संस्कृतिको विकास गर्छ जसले राजनीतिक प्रणालीलाई जीवन्त र गतिशील राख्छ । राजनीतिक व्यवहार अनुमेय बन्न सकेन ! विशृङ्खलित, हचुवा र अवसरवादी भयो । फलतः देश शासकीय अस्थिरतामा फसेको छ । गत एक वर्षदेखि सबैभन्दा ठूला दुई दल मिलेर सत्ता गठबन्धन भएपछि

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## इजरायली आक्रमणमा प्रधानमन्त्री मारिएपछि हुथीले समात्यो राष्ट्रसंघका १९ कर्मचारी



***काठमाडौं, १६ भदौ ।*** इजरायलको हवाई आक्रमणमा आफ्ना प्रधानमन्त्री अहमद गालेब नासेर अल-रहावी र केही मन्त्रीहरू मारिएपछि यमनको हुथी समूहले राजधानी साना र होदेइदामा रहेका संयुक्त राष्ट्रसंघ (यूएन) कार्यालयमा छापा मार्दै कम्तीमा ११ जनालाई पक्राउ गरेको छ । यमनी सुरक्षास्रोतका अनुसार हुथीहरूले इजरायलसँग सहकार्य गरेको आशंकामा साना र वरपरका क्षेत्रमा दर्जनौं सर्वसाधारणलाई समेत नियन्त्रणमा लिएका छन् । राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेसले हुथीहरुले विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) का कार्यालयमा बलपूर्वक प्रवेश गरी सम्पत्ति कब्जा गरेको बताएका छन् । अन्य एजेन्सी कार्यालय तोडफोड गर्ने प्रयास गरेको उनले बताएका छन् । यमनका लागि राष्ट्रसंघीय विशेष दूत हान्स ग्रुन्डबर्गले यी गिरफ्तारीलाई ‘मनोमानी र अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन’ भन्दै तुरुन्त र बिनाशर्त रिहा गर्न माग गरेका छन् । उनले भने, ‘राष्ट्रसंघीय कर्मचारीहरूको काम तटस्थता, निष्पक्षता, स्वतन्त्रता र मानवता भन्ने सिद्धान्तमा आधारित हुन्छ । यी गिरफ्तारीहरूले उनीहरूको सुरक्षामाथि आक्रमण मात्र होइन, यमनमा आवश्यक मानवीय कामलाई रोक्ने प्रयास हो ।’ ग्रुन्डबर्गका अनुसार हुथीहरूले पहिले नै २३ जना राष्ट्रसंघीय कर्मचारीलाई पक्राउ गरेर राखेका छन् । जसमध्ये एकजनाको यसै वर्ष हिरासतमा मृत्यु भएको छ । हुतिहरूले यसअघि पक्राउ परेका सहायता कर्मीलाई ‘अमेरिकी-इजरायली जासुस सञ्जाल’ को सदस्य भएको आरोप लगाएका थिए । तर राष्ट्रसंघले यसलाई अस्वीकार गरेको छ । गाजामा युद्ध भइसकेपछि हुथी लडाकुहरूले आफ्नो दायरालाई यमनभन्दा बाहिर विस्तार गरेका छन् । उनीहरूले इजरायलमाथि ड्रोन र मिसाइल आक्रमण गरिरहेका छन् । अर्कातिर रेड सी हुँदै जाने व्यापारीक जहाजहरूलाई पनि निशाना बनाएका छन् । यसलाई उनले ‘प्यालेस्टाइनी मुद्दासँग एकजुटता’ को रूपमा व्याख्या गरेका छन् । यसैबीच, इजरायलले यमनस्थित हुथीका अखडामा बारम्बार हवाई आक्रमण गरिरहेको छ ।

गत साता सानामा राष्ट्रपति भवनमाथिको आक्रमणमा प्रधानमन्त्री अल-रहावी मारिएपछि हुथीहरुले इजरायलविरुद्ध आफ्नो अभियान अझै तीव्र गर्ने चेतावनी दिएका छन् । हुथी रक्षा मन्त्री मेजर जनरल मोहम्मद नासेर अल-आतिफीले आफ्ना सशस्त्र फौज इजरायलसँग प्रत्यक्ष भिडन्तका लागि तयार रहेको दाबी गरे । ‘अमेरिकाले यमनमा पनि गाजाकै जस्तै नागरिकलाई निशाना बनाइरहेको छ’, उनले भने ।

## अफगानिस्तान भुकम्प : मृतकको संख्या ६२२ पुग्यो, १५०० बढी घाइते



***काठमाडौं, १६ भदौ ।*** अफगानिस्तानमा गएको भूकम्पका कारण मृत्यु हुनेको संख्या ६२२ पुगेको छ । ६ म्याग्निच्युडको भूकम्पका कारण १५ सय भन्दा बढी घाइते भएका छन् । भूकम्पले कुनारका तीन गाउँहरू ध्वस्त भएको छ । कुनारमा मात्रै ६१० जना र नाग्गाहारमा १२ जनाको मृत्यु भएको हो । खोजी कार्य जारी रहेकाले मृतकको संख्या बढ्न सक्ने आशंका छ । भूकम्पको केन्द्र अफगानिस्तानको पाँचौं ठूलो शहर जलालावाददेखि २७ किलोमिटर टाढा १० किलोमिटर गहिराईमा थियो । भूकम्पको केन्द्रबाट झण्डै ४०० किलोमिटर टाढा पाकिस्तानको राजधानी इस्लामावादसम्म धक्का महसुस गरिएको थियो । मध्यरातमा आएको भूकम्पले माटो र ढुंगाले बनेका ग्रामिण क्षेत्रका अधिकांश घरहरू भत्किएका छन् । सञ्चारमाध्यममा आएका भिडियो फुटेजहरूमा हेलिकोप्टरमार्फत प्रभावितहरूलाई उद्धार गरिरहेको देखिन्छ । भूकम्पले भत्किएका भग्नावशेषमा खोजी र उद्धार कार्य जारी रहेको अधिकारीहरूलाई उद्धृत गर्दै समाचार संस्था रोयटर्सले जनाएको छ । गृहयुद्ध सकिएर उकासिन खोजिरहेको अफगानिस्तानमा आएको यति ठूलो भूकम्पले देशलाई पुनः संकटमा पारेको छ । मानवीय संकटसँग लडिरहेको दक्षिण एशियाली मुलुक अफगानिस्तानले वाह्य सहायता समेत तीव्ररूपमा कटौतीको सामना गरिरहेको छ । तालिबान सरकारको आन्तरिक मन्त्रालयले पूर्वी प्रान्त कुनार नाग्गाहारमा थुप्रै घरहरू भत्किएका र ठूलो धनजनको क्षति भएको जनाएको छ । ‘पूर्ण सहायताका लागि उद्धार र राहतमा हाम्रा सबै टोलीहरूलाई परिचालित छन्,’ मन्त्रालयका प्रवक्ता अब्दुल मतेन क्वानीले भने, ‘सुरक्षा, स्वास्थ्य सेवा र खाद्य सामग्री वितरणका लागि प्रयास भइरहेको छ ।’ भूकम्प र बाढीले प्रायः प्रभावित भइरहने ग्रामिण क्षेत्रमा उद्धारकर्मीहरू परिचालित भइरहेका राजधानी काबुलका अधिकारीहरूले बताएका छन् ।

पछिल्लो पटक सन् २०२२ मा अफगानिस्तामा ६.१ म्याग्निच्युडको भूकम्प गएको थियो । त्यतिबेला झण्डै एक हजार मानिसको मृत्यु भएको थियो । गएराति त्यसयताकै ठूलो भूकम्प गएको हो ।

### ऋणयोग्य रकम.....

पूर्वाधारजस्ता ठूलो लगानी आवश्यक पर्ने क्षेत्रमा कर्जा प्रवाह बढ्न सकेको छैन । फलस्वरूप त्यस्ता क्षेत्रमा निजी क्षेत्रको लगानी बढ्न नसक्दा नयाँ रोजगारी सिर्जना भएको छैन । यसबाट विकासशील मुलुकमा स्तरोन्नति हुन प्राविधिक सर्तहरू पूरा गरेर सन् २०३० सम्ममा मध्यम आयस्तरको मुलुकमा दर्ज हुने सरकारको महत्त्वाकांक्षी लक्ष्य भेट्नमा समेत कठिन हुने देखिएको छ । बरु आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिले विस्तारकारी बाटो समात्दा बैंकिङ प्रणालीको अत्यधिक तरलता उपभोक्ता मुद्रास्फीति र सम्पत्ति मूल्य (जस्तै, जग्गा वा सेयर) मा कृत्रिम बढोत्तरी भए पनि अर्थतन्त्रको वास्तविक क्षेत्रको विस्तारमा अंकुश लाग्ने जोखिम देखिएको छ । **के होला त समाधान ?** ब्याजदरले कर्जाको लागत र बचतको प्रतिफल निर्धारण गर्छ । तुलनात्मक रूपमा कम र पूर्वानुमानयोग्य ब्याजदरले लगानीकर्तालाई नयाँ क्षेत्रमा प्रवेश गर्ने वा थप लगानी गर्ने व्यावसायिक योजना बनाउन सहजता ल्याउँछ । अन्तर्राष्ट्रिय अनुभवले यही देखाउँछ, जब जब ब्याजदरको उतारचढाव कम हुन्छ, त्यही अवधिमा उत्पादन तथा प्रशोधन उद्योग र उच्च प्रतिफलयुक्त पूर्वाधारमा दीर्घकालीन लगानी बढ्ने सम्भावना धेरै हुन्छ । नेपालमा पनि त्यस्ता ठूला उद्योगमा लगानी प्रवाह सहजीकरण गर्न भन्दै सरकारले वैकल्पिक लगानी परिचालनसम्बन्धी कानुन बनाइरहेको छ । साभार ईकान्तिपुर ।

### राजनीतिक दलमा सुधार...

यो समस्या टरेको हो कि जस्तो देखिए पनि यो अस्थायी टालो मात्र हो, समाधान होइन । अत्यधिक नारा लगाइएको सुशासनको जनताले अनुभूति गर्न पाएका छैनन् । आम जनता अन्याय, अत्याचार, विभेद र अभावमा बाँच्न अझै बाध्य छन् । सरकारले आफ्ना वाचालाई ‘डेलिभरी’मा उतार्न सकेको छैन । सत्ताको संरक्षण प्राप्त भए ऐन/कानुन नै नलाग्ने जस्तो भएको छ, दण्डहीनता मौलाएको छ । शासन/प्रशासन, राजनीतिक दल र नेतृत्व जनउत्तरदायी भएनन् । राज्यका प्रमुख तीन अंग– कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा शक्ति पृथकीकरण तथा सन्तुलनको अभावमा सरकारमा हुकुमी शैली र निरंकुश व्यवहारको बोलावाला भयो । अझ डरलाग्दो कुरा त, शासन/प्रशासन बिचौलियाले चलाउँछन् भन्ने परेको छ । दशकौंदेखि उनै केही सीमित व्यक्तिका नेतृत्ववरिपरि दल र राजनीति रोटेपिङजस्तो घुमिरहेको छ । नेताकै चरित्र र व्यवहारका कारण जनताको नजरमा उनीहरूको साख शून्यतिर झर्दै छ । उनको विश्वसनीयता गुमेको अवस्था छ । यसको मार राजनीतिक प्रणालीमाथि परेको र यो प्रणाली नै धरापमा पर्ला भन्ने चिन्ता र चासो रहेको अवस्था छ । साभार ईकान्तिपुर ।

### आफ्नो भूमिलाई...........

पर्साका अध्यक्ष विजय चौहानको अध्यक्षतामा दियालो लज होटलमा सम्पन्न पत्रकार सम्मेलनमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अनिल रुंगटा, मधेस प्रदेशका कृषिमन्त्री जनार्दन सिंह क्षेत्री, पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरी र ओमप्रकाश शर्मा लगायतको उपस्थिति थियो ।

### कम्युनिस्ट नेता...

सञ्चालनदेखि भारतमा शरण लिनेसम्म अनेक चुनौतीपूर्ण परिस्थिति सामना गर्नुभयो । पूर्व जिल्ला सभापति छठु यादवका अनुसार, अर्यालको निधनले पुराना कम्युनिस्ट कार्यकर्ताहरूका लागि प्रेरणाको स्रोत गुमाएको छ ।

### हैजा नियन्त्रण........

मिल्दोजुल्दो लक्षण देखिएको भन्दै सतर्क रहन आग्रह गरेको छ । चिकित्सकहरूले दूषित पानी सेवन नगर्नु, खुला स्थानमा दिसा नगर्नु र साबुनपानीले नियमित हात धुनु हैजा नियन्त्रणको मुख्य उपाय भएको औंल्याएका छन् ।

# स्वास्थ्य

## योनी दुखिरहनुको कारण के हो ?



कहिलेकाहीं महिलाले योनीमा अचानक पीडा महसुस गर्छन् । कुनैबेला लामो समयसम्म एकै अवस्थामा बस्दा वा यौन सम्पर्क गरेपछि योनीको दुखाइको अनुभव हुनसक्छ । जुन स्वभाविक हो । तर कतिपय महिलालाई भने पटक-पटक दुखाइ हुनसक्छ । त्यो दुखाइले दैनिकीमा नै प्रभाव पारेको छ भने त्यसलाई सामान्य र स्वभाविक रुपमा लिनु हुँदैन । यो स्वास्थ्य समस्याको संकेत हुनसक्छ । कतिपय महिला गुप्तांगमा दुखाइ भए पनि संकोच मानेर लुकाएर बस्न सक्छन् । कालान्तरमा त्यो सानो समस्या जटिल बन्न सक्छ । **कारण के हुनसक्छ ? बार्थोलिनको सिस्ट** योनीमा दुखाइ हुने सतही गाँठो छन् भने दुख्न सक्छ । यो एक प्रकारको संक्रमण हो, जसलाई बार्थोलिन सिस्ट भनिन्छ । योनीमा बार्थोलिन ग्रन्थीहरु हुन्छन् । जसमा कुनै कारणले अवरोध भएर तरल पदार्थ जम्मा भई डल्लोको रूप लिन्छ । यदि बार्थोलिन सिस्टको आकार ठूलो छ भने यसले थोरै घर्षण हुँदा पनि पोल्ने र दुखाइ हुनसक्छ ।

**के गर्ने ?** यो समस्या भएमा तुरुन्त स्त्रीरोग विशेषज्ञलाई देखाउनुपर्छ । विशेषज्ञले अवस्था हेरेर जमेको तरल पदार्थ निकाली बार्थोलिन ग्रन्थीमा भएको अवरोध खोलिदिन्छन् । **यौन प्रसारित रोग** यौन प्रसारित रोग ब्याक्टेरिया वा भाइरसले लाग्ने गर्छ । यी दुईको सङ्क्रमण महिलाको यौनांगको भागमा असर गर्छ । जसकारण योनी दुखाइ हुनसक्छ । फंगल इन्फेक्सन, पिसाबजन्य संक्रमण, क्लायमेडिया, गोनोरिया, भिरिङ्गी जस्ता रोगले दुखाइ मात्र होइन, चिलाउने, पोल्ने र पिसाब फेर्दा समेत असहज गराउँछ । **के गर्ने ?** माथि उल्लेखित लक्षण देखिए सरसफाइमा ध्यान दिनुका साथै चिकित्सकलाई जाँच गराउनुपर्छ । यसको जति छिटो उपचार हुन्छ, त्यति छिटो निको पनि हुन्छ । चिकित्सकले अवस्था हेरेर संक्रमणविरुद्ध खाने र लगाउने औषधि दिन सक्छन् । यसको नियमित सेवन गरेमा लक्षण पनि बिस्तारै कम हुँदै जान्छ । **महिनावारी** कतिपय महिलालाई महिनावारी हुँदा पेटका साथै योनीमा पनि मध्यमदेखि तीव्र दुखाइ हुनसक्छ । महिनावारी भएको पहिलो दिन योनीमा भारीपन हुँदै दुखाइ अनुभव हुनसक्छ । तर यो दुखाइ सबैले गर्छन् भने हुँदैन । **के गर्ने ?** हल्का दुखाइ हुनु सामान्य हो । तर तीव्र दुखाइ भइरहन्छ भने अन्य समस्याको कारण पनि हुनसक्छ । यस्तोमा चिकित्सकलाई देखाइहाल्नुपर्छ । **फाइब्रोइड** पाठेघरमा फाइब्रोइड हुँदा पनि लक्षणको रुपमा योनीमा दुखाइ हुनसक्छ । फाइब्रोइड ३० देखि ५० वर्षको उमेरको कतिपय महिलालाई हुनसक्छ । फाइब्रोइडको आकार ठूलो छ भने योनीमा दुखाइ र घोचेको अनुभव हुनसक्छ । फाइब्रोइड हुँदैमा आत्तिहाल्नु पर्दैन । किनकि यी फाइब्रोइड क्यान्सरजन्य हुँदैनन् । **के गर्ने ?** योनीमा कुनै समस्या छैन । तर गुप्ताङ्ग दुखेको, घोचेको र तल्लो ढाड दुखेको अनुभव दैनिकजसो अनुभव हुन्छ भने तुरुन्त चिकित्सकलाई भेट्नुपर्छ । चिकित्सकले लक्षणको आधारमा भिडियो एक्स-रे गरेर फाइब्रोइड छ कि भनेर हेर्न सक्छन् । फाइब्रोइड देखिएमा त्यसको बनावट र आकारको आधारमा उपचार प्रक्रिया अगाडि बढ्छ । **नर्मल डेलिभरी** नर्मल डेलिभरीबाट प्रसूति गराउँदा योनीमा दबाब पर्ने हुँदा दुख्न सक्छ ।


गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**बरियारपुर, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।

**करैयामाई गाउँपालिकाकोकार्यालय**
**करैया, बारा**

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

**पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय**
**पटेर्वा सुगौली, पर्सा**

# कर्मचारी अवकाश उमेर विवाद जारी मन्त्री न्यौपानेले समय मागिन्



**काठमाडौं,१६ भदौ ।** सङ्घीय निजामति सेवा विधेयकमा प्रस्तावित कर्मचारीको अनिवार्य अवकाश उमेर हदबारे राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको आजको बैठक पनि निष्कर्षमा पुग्न सकेन । बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले कर्मचारीको अवकाश उमेर पहिलो वर्ष ५९ वर्षबाट लागू गर्ने प्रस्तावमा अडिग रहँदा सहमति जुटाउन सकिएको थिएन । उनले यस विषयमा पुनर्विचार गर्ने समय मार्दै भोलिसम्म छलफल गरेर निर्णय गर्न अनुरोध गरेकी छिन् । मन्त्री न्यौपानेले भनिन्, "सहमति गरेर अघि बढौँ, लचिलो भएर जाने हो । कर्मचारीलाई राष्ट्रसेवामा लाग्ने उत्साह जगाउन केही विषयमा लचिलो हुन आवश्यक छ । सरकारको यो कुरा ग्रहण गर्नुस् ।" समितिले हालसम्म विधेयकको दफा ५८ अनुसार सर्वसम्मतिले कर्मचारीलाई ५८ वर्षको उमेरमा अवकाश दिन निर्णय गरिसकेको थियो । तर मन्त्रीको प्रस्तावपछि केही सांसदले सहमति उल्ट्याउने प्रयास भएकोमा आपत्ति जनाएका छन् । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसदहरूले सर्वसम्मतिले तय भएको विषयमा फेरि विवाद गर्न नहुने अडान राखेका छन् । एकीकृत समाजवादी सांसद डा. वेदुराम भुसालले प्रश्न गरे, "मन्त्रीले टुङ्गो लागिसकेको विषयमा कति समय अड्किएर बस्ने?" माओवादी केन्द्रका सांसद झक्कुप्रसाद सुवेदीले भने, "मिनी संसद भएकाले यसलाई निर्देशन गर्न मिल्दैन । सहमति भइसकेको विषयमा विवाद गर्नु आवश्यक छैन ।" समितिकी सभापति तुलसाकुमारी दाहालले मन्त्रीको अनुरोधअनुसार थप छलफल गरी भोलि बैठकमा विधेयक पारित गर्ने जानकारी दिइन् । उनले भनिन्, "मन्त्रीले अडान छाड्नुपर्छ वा सांसदहरूले सरकारको प्रस्ताव स्वीकार्नुपर्छ ।" समितिको अर्को बैठक भदौ १७ गते बिहान ९ बजे बस्ने तय गरिएको छ ।

# १९ वर्षअघिको गौर हत्याकाण्डको अनुसन्धान सुरु १३० आरोपीको विवरण संकलन



**रौतहट,१६ भदौ ।** १९ वर्षअघि रौतहटको गौरमा भएको हत्याकाण्डको अनुसन्धान प्रहरीले अगाडि बढाएको छ । ७ चैत २०६३ मा २७ जनाको ज्यान जाने गरी दुई राजनीतिक पार्टीबीच भएको हिंसात्मक झडपका आरोपीहरूमाथि प्रहरीले खोजतलास सुरु गरेको छ । हत्याकाण्डमा जसपा अध्यक्ष उपेन्द्र यादवसहित १ सय ३० जनामाथि प्रहरीमा किटानी जाहेरी परेको थियो । सोहीअनुसार अनुसन्धान प्रक्रिया अगाडि बढाइएको मधेस प्रदेशका प्रहरी प्रमुख डीआईजी उमाप्रसाद चतुर्वेदीले बताएका छन् । 'हामीले अनुसन्धान प्रक्रिया सुरु गरिसकेका छौं । जसअन्तर्गत आरोपित १ सय ३० जनाको तीनपुस्ते विवरण संकलनको कार्य भइरहेको छ', डीआईजी चतुर्वेदीले भने, 'प्रारम्भिक अनुसन्धानअनुसार आरोपीमध्ये ११ जनाको मृत्यु भइसकेको सूचना आएको छ तर, भनिएको कुरामा विश्वास गर्नुभन्दा पनि उनीहरूको मृत्युदर्ता प्रमाणपत्र खोज्ने र सो दिन तिनीहरूको भूमिकाबारे खोजतलास गरिरहेका छौं ।' सर्वोच्च अदालतले गौरमा २७ जनाको ज्यान जानेगरी भएको हत्याकाण्डको घटनाबारे अनुसन्धान गर्न परमादेश जारी गरेसँगै प्रहरीको अनुसन्धान प्रक्रिया सुरु भएको हो । गौर घटनाका पीडितका तर्फबाट चार जनाले सर्वोच्च अदालतमा दुई वर्षअघि दायर गरेको रिट निवेदनमा जिल्ला प्रहरी कार्यालय गौरमा दायर गरिएको जाहेरी अघि बढाउन परमादेशको माग गरिएको थियो । सर्वोच्चका न्यायाधीशहरू तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको इजलासले उक्त मागबमोजिमको आदेश भाद्र २ गते दिएको हो । पीडितहरूले प्रहरीले घटनामा संलग्नमाथि अनुसन्धान र कारबाही प्रक्रिया अघि नबढाएको भन्दै आफूहरूको संवैधानिक उपचारको हक सुनिश्चित गरिदिन अदालतसमक्ष माग गरेको थियो । निवेदकहरूले २०६८ साल चैत २८ गते जिप्रका गौरमा जाहेरी दर्ता गराएको थियो । यता, गौरकाण्डका आरोपित उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले आफ्नो अध्यक्षमाथि राजनीतिक प्रतिशोध साँधेको भन्दै सर्वोच्चको आदेशविरुद्धमा प्रदर्शन गर्दै आएको छ । १९ वर्षअघि गौरको राइस मिलमा यादव नेतृत्वको तत्कालीन मधेसी जनअधिकार फोरम र पुष्पकमल दहाल नेतृत्वको नेकपा माओवादीको आमसभा एकै समय र एकै स्थानमा गर्ने विषयमा विवाद भई उग्र झडप भएको थियो । सो झडपमा ५ महिलासहित २७ जनाको निर्मम हत्या गरिएको थियो भने सय जनाभन्दा बढी घाइते भएका थिए ।

# हकका लागि रोएर होइन, लडेर लिनुपर्छ : उपेन्द्र यादव



**जनकपुर,१६ भदौ ।** जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले दलित समुदाय लगायत सबै पिछडिएका समूहका हक अधिकारका लागि संघर्ष गर्न आह्वान गरेका छन् । जनकपुरधाममा आयोजित समाजवादी दलित मुक्ति संगठनको दोस्रो राष्ट्रिय अधिवेशनको उद्घाटन सत्रमा बोल्दै अध्यक्ष यादवले भने, "हक अधिकारका लागि रोएर बस्नु भनेको समाधान होइन । अधिकार प्राप्ति गर्न लड्नै पर्छ ।" उनीहरूले दलित समुदायका हकहितका लागि पार्टी निरन्तर संघर्षरत रहेको र आगामी दिनहरूमा पनि यो संघर्ष जारी रहने स्पष्ट पारेका छन् । यादवले दलित समुदायलाई संगठित भई जसपा नेपालको आन्दोलनमा साथ दिन आग्रह गरेका छन् । अध्यक्ष यादवले लोकतन्त्रमा सबै नागरिक समान अधिकार पाउनु पर्ने भए पनि नेपालमा जाति र समुदायबीच विभेद अझै कायम रहेको बताए । नेपालमा सबैभन्दा बढी जनसंख्या दलित समुदायको भएपनि उनीहरू अधिकारमा सबैभन्दा पिछडिएका रहेको उल्लेख गर्दै उनले "मधेस र मधेसमा बसोबास गर्ने सबै जातजाति र समुदायले समान अधिकार प्राप्त नगरेसम्म आफू संघर्षरत रहने" जानकारी दिएका छन् । यस अभियानमार्फत जसपा नेपालले सामाजिक समानता र दलित अधिकार सुनिश्चित गर्ने लक्ष्य अघि सारेको छ ।

# राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीलाई दिनभर लाइन बस्नुपर्ने बाध्यता



**जनकपुर,१६ भदौ ।** जिल्ला प्रशासन कार्यालय सप्तरीमा राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीको चाप बढ्दा कार्यालयमा भीडले समस्या सिर्जना गरेको छ । बैंक खाता खोल्ने, सामाजिक सुरक्षा भत्ता नवीकरणजस्ता सेवाका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य भएपछि असारको पहिलो सातादेखीदेखि यहाँको भीड लगातार बढ्दै आएको छ ।सेवाग्राहीले बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म कार्यालयमा लाइन बस्नु पर्ने अवस्था छ । कार्यालयले बिहान ८ बजेदेखि टोकन वितरण गर्ने भएकाले जिल्लाका विभिन्न पालिकाबाट युवादेखि वृद्धसम्म बिहानै आइपुग्न बाध्य छन् । केही अवस्थामा एक व्यक्तिलाई चार दिनसम्म धाइदिनुपर्ने समस्या देखिएको छ । रूपनी गाउँपालिका-७ की ७९ वर्षीया सुखनी देवीले चार दिन धाएर मात्र फोटो खिचाउन सफल भएको बताइन् । उनी भन्छिन्, "हामी विपन्न समुदाय हौं, सामाजिक सुरक्षा भत्तामा निर्भर छौं । फोटो खिचेर राष्ट्रिय परिचयपत्र नवनाएसम्म कार्ड नविकरण भएन भने जीवन धान्न कठिनाइ थियो ।" राजविराज नगरपालिका-१६ कि बुधनी सदाले पनि दुई दिन कार्यालय धाएपछि मात्र फोटो खिचाउन पाएकी थिइन् । जिल्लाका १८ पालिकामध्ये १४ पालिकाका सेवाग्राहीलाई सदरमुकाम आएर फोटो खिचाउनुपर्ने बाध्यता समस्या बढाएको छ । सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले सेवाग्राहीलाई सहज सेवा दिनका लागि थप व्यवस्था गरिने जानकारी दिए । उनका अनुसार जिल्लामा दिनहुँ तीन सयदेखि तीन सय पचास जनाको फोटो खिच्ने काम भइरहेको छ ।

उहाँले थपे, "जनसंख्या बढी भएका कारण चाप बढ्नु स्वाभाविक हो, यसलाई व्यवस्थित गर्दै शनिबार पनि सेवा दिने प्रयासमा छौं ।" जिल्लाका पालिकामा फोटो खिच्न तोकिएको समय यसप्रकार छः शम्भुनाथ, सुरुङ्गा, हनुमान कंकालिनी, खडक नगरपालिका, तिरहुँत, तिलाठी कोइलाडी, रूपनी गाउँपालिका - आइतबारदेखि मंगलबार; राजविराज, डाक्नेश्वरी नगरपालिका, अग्नि साइर, कृष्णासवरण, छिन्नमस्ता, विष्णुपुर, राजगढ, महदेवा गाउँपालिका - बुधबारदेखि शुक्रबार । बाँकी पालिकामा फोटो खिच्ने काम स्थानीय इलाका प्रशासन कार्यालयमार्फत हुँदै आएको छ ।

# पत्रकार, प्रहरी र न्यायाधीश पार्टीको होइन, देशको हुनु पर्छ : मेयर साम्पाङ

**काठमाडौं,१६ भदौ ।** धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले राज्यका महत्त्वपूर्ण अंगहरू राजनीतिक दलको पक्षमा नभई देश र जनताप्रति निष्पक्ष र प्रतिबद्ध हुनुपर्नेमा जोड दिएका छन् । सोमबार काठमाडौंमा आयोजित 'हर्क साम्पाङ अ रिभोलुसन' भेलामा सम्बोधन गर्दै मेयर साम्पाङले पत्रकार, प्रहरी, कर्मचारी, न्यायाधीश र अख्तियारजस्ता निकायहरूले दलीय प्रभावबाट मुक्त भएर न्याय र सत्यको पक्षमा उभिनुपर्ने बताए । उनले भने, "पत्रकार पार्टीको हुनुहुँदैन । प्रहरी पार्टीको हुनुहुँदैन । कर्मचारी पार्टीको हुनुहुँदैन । न्यायाधीश पनि पार्टीको हुनुहुँदैन । अख्तियार पार्टीको हुनुहुँदैन । तपाईं राज्यको, देशको हो ।" साम्पाङले निष्पक्षताको महत्व स्पष्ट पार्दै तराजुको उदाहरण दिएका थिए । उनले भने, "न्याय भनेको निष्पक्षता हो ।

तराजुको डण्डाबाट बीचमा उभिनु नै न्याय हो । यता वा उता ढल्किए न्याय हुँदैन । पत्रकारले सधैं तराजुको बीचमा उभिनुपर्छ ।"उनले आफ्ना समर्थकहरूलाई पनि अन्य दलका व्यक्तिहरूलाई शत्रुको रूपमा नहेर्न आह्वान गरे । "विचार नमिल्दा कोही पराई होइन, भोलि उनी तपाईं संगै काम गर्न सक्छन्," उनले भने । मेयर साम्पाङले देश विकासका लागि सबै नेपाली एक भएर श्रममा जुट्नुपर्ने आफ्नो पुरानो अडान दोहोऱ्याए । "कलमले मात्र देश बन्दैन, औजार चलाउनुपर्छ । नीति र निर्णयले मात्र देश बन्दैन, श्रमदान गर्नुपर्छ ।

उत्पादनमा जोड दिँदै आत्मनिर्भर बन्नुपर्छ," उनले बताए । कार्यक्रममा उनका समर्थकहरूको बाक्लो उपस्थितिले अभियानको व्यापकता देखाएको थियो । मेयर साम्पाङले देशव्यापी अभियानको संकेत गर्दै एकता र श्रमको माध्यमबाट देश निर्माणमा सबैलाई सक्रिय हुन आह्वान गरे ।

# मानव सेवा आश्रमद्वारा महिलाको उद्धार

**नेपाल पोष्ट संवादाता**

**बीरगन्ज,१६ भदौ ।** बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१८, बढहर्वा चोकबाट मानसिक अवस्था ठिक नभएकी एक महिला मानव सेवा आश्रम बीरगन्ज शाखाले उद्धार गरेको छ । उद्धार गरिएकी महिलाको उमेर करिब ४० वर्ष अनुमान गरिएको छ । आफ्नो नाम नायदा खातुन बताउने उनले ठेगाना स्पष्ट गर्न सकेकी छैनन् । उद्धारपछि उनलाई बीरगन्जस्थित मानव सेवा आश्रममा ल्याई नुहाइ-धुवाई गरी सफसुग्घर बनाइएको र मनोरोग चिकित्सक डा. भरत गोईतको निगरानीमा औषधि उपचार सुरु गरिएको छ । उद्धारमा आश्रमका संस्थापक देवेश गुप्ता, अभिभावक प्रकाश थारु, संयोजक मुना मगगर, स्वयंसेवक सरोज विक, दीपेन्द्र चौधरी, प्रहरी चौकी जैतापुरका हवल्दार बब्लु सिंह, वडाध्यक्ष चतुरबाबु वाग्ले लगायतको सहभागिता रहेको थियो ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध विच्छेद एवम बसाई सराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्विनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा